बैठक संख्याः ४६ मितिः २०८१।१२।०५ समयः विहान ९:०० बजे

आज मिति २०८१।१२।०५ गते गुराँस गाउँपालिका दैलेखको ४६औ कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमाथि निर्णय गरी पारीत गरीयो ।

तपसिलः

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | - गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | - गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा न. १ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा न. २ |
| श्री काशीराम शर्मा | - वडा अध्यक्ष वडा न. ३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा न. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा न. ५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा न. ६ |
| श्री नन्द बहादुर वि.सी. | - वडा अध्यक्ष वडा न. ७ |
| श्री दिपेन्द्र वली | - वडा अध्यक्ष वडा न. ८ |
| श्री अमृता कुमारी वि.सी. | - कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | - कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | - कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | - कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | - कार्यपालिका सदस्य |
| श्री दिल बहादुर पौडेल | - प्रमुख प्रशासकिय अधिकृत (सचिव) |

सहयोगी

| | |
|---|---|
| १ खेमराज उपाध्याय | सहायक ~~चौथो~~ पाचौं |
| २ पुर्ण बहादुर वली | सचिवालय सहयोगी |
| ३ खगीसरा बि क | का स |

४६औ बैठकका एजेन्डाहरु :

१) अधिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२) पालिका स्थापना दिवस कार्यक्रमको समिक्षा ।

३) निति तथा कार्यविधि सम्बन्धमा ।

४) अनुदान साझेदारी रकम भुक्तानी तथा असुली सम्बन्धमा ।

५) गुराँस गाउँपालिकाको प्रशासकिय भवन निर्माणका लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।

६) स्रेस्ता संरक्षण र बरबुझार सम्बन्धमा ।

७) प्रदेश तथा संघका निकायहरुमा सिफारीस गरी पठाईएका योजनाहरुको अनुमोदन सम्बन्धमा ।

८) गुराँस गाउँपालिका र LISP को साझेदारी योजना कार्यान्वयन सम्बन्धमा

९) विविध

क) आर्थिक सहायता सम्बन्धमा ।

ख) पालिका अनुदान तर्फका भुक्तानी बाँकि रकमको सम्बन्धमा ।

ग) एस इ इ परीक्षा संचालन व्यवस्थापन सम्बन्धमा ।

घ) नेपाल टेलिकमको सिम वितरण सम्बन्धमा ।

ङ) सफा स्वच्छ वडा घोषणा सम्बन्धमा ।

च) कानुनी सल्लाहकार सम्बन्धमा ।

छ) भगवती मा.वि.को निर्माण कार्य संचालन सम्बन्धमा ।

ज) साझेदार संस्थाको कार्यम्याद थप गर्ने सम्बन्धमा ।

झ) मुख्यमन्त्री रोजगार कार्यक्रमको योजना संशोधन सम्बन्धमा ।

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णयहरु :

निर्णय नं. १:

प्रस्ताव नं १ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको ४५औं बैठकले गरेका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समिक्षा गर्दा उक्त बैठकमा भएका २२ वटा निर्णहरु मध्ये धेरै निर्णयहरु पुर्ण कार्यान्वयन भएको र बाँकी कार्यान्वयनको क्रममा रहेका तथा कार्यान्वयन नभएका वटा निर्णयहरु चैत्र मसान्त सम्म पूर्ण र प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरीयो ।

निर्णय नं. २:

प्रस्ताव नं २ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको ८ औ स्थापना दिवशको अवसरमा मनाईएको दुई दिवसिय कार्यक्रम मध्ये २०८१ साल फागुन २६ गते कृषि तथा पर्यटनमा लगानी र सम्भावना विषयक सार्वजनिक वहस र २७ गते पालिका स्थापना दिवश समारोहको कार्यक्रममा पाल्नुहुने कार्यक्रमका प्रमुख अतिथि क्रमश: २६ गतेको कार्यक्रमका प्रमुख अतिथि कर्णाली प्रदेशका माननिय सामाजिक विकास मन्त्री श्री घनश्याम भण्डारीज्यू र २७ गतेको दिवसीय कार्यक्रमपा कर्णाली प्रदेशका माननिय मुख्यमन्त्री श्री यामलाल कडेलज्यू लगायत दुवै दिनका कार्यक्रममा पाल्नुहुने विशेष अतिथि, अतिथि एवं कार्यक्रममा सम्बद्ध सम्पुर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सामाजिक संघ सस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु लगायत गाँउपालिका तथा मातहतका कार्यालयका कर्मचारीहरु एव उपस्थित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञपन गर्दै, अनिवार्य उपस्थित हुनुपर्ने गा पा अन्तरगतका पदाधिकारी तथा कर्मचारीलाई यस्ता कार्यक्रममा अनिवार्य उपस्थित हुन निर्देशन दिने साथै कार्यक्रम संचालनका सम्बन्धमा देखियका व्यवस्थापकिय तथा कार्यगत विषयका कमी कमजोरीहरुलाई सुधार गर्दै कार्य संचालन गर्ने निर्णय गरीयो साथै दिवसीय कार्यक्रमहरुमा कार्यालयको तर्फवाट दिवस मनाउने तथा र आधिकारीक विज्ञप्ती प्रकाशित गरेर दिवसीय कार्यक्रम अनिवार्य रुपमा मनाउने निर्णय गरीयो ।

निर्णय नं. ३:

प्रस्ताव नं ३ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा विभिन्न कार्यक्रम सचालनमा सहजिकरणका लागि नितिगत व्यवस्था गर्ने प्रयोजनका लागि विधायन समितिवाट सिफारीस भई आएका तपसिलका निति तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

तपसिल

१) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण निति २०८१

२) गुराँस खेलकुद विकास समिति गठन, संचालन व्यवस्थापन कार्यविधि, २०८१

३) गुराँस गाउपालिकाको भत्ता व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१

गुराँस गाउपालिकाको भत्ता व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ विधायन समितिमा पुन छलफलका लागि पठाउने र विधायन समिति मार्फत संघ र प्रदेशवाट दिने सेवा सुविधामा दोहोरो नपर्ने गरी कार्य चाप काआधारमा सुविधा प्रदान गर्ने विषयमा अन्य समितिहरुसंग समन्वय गरी निश्कर्ष सहित आगामी बैठकमा स्वीकृतिका लागि कार्यविधि पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं. ४:

प्रस्ताव नं ४ माथि छलफल गर्दा गुराँस गाउँपालिकाले निजि सरकारी साझेदारी कार्यक्रम संचालन कार्यविधिको आधारमा विभिन्न मितिमा प्रदान गरीएको पशु तथा कृषि फर्महरुलगाएतको साझेदारी रकम अशुलीका सम्वन्धमा छलफल गर्दा, उक्त विषय हाल अख्तियार अनुसन्धान आयोगको अनुसन्धानको दायरामा समेत गैसकेकाले उल्लेखित फर्महरुले अनुदान लागगत रकम निजि सरकारी साझेदारी कार्यक्रम संचालन कार्यविधिको कार्यविधी र दुईपक्षको संझौतामा उल्लेखि भए बमोजिमकाको शर्तहरु पूर्ण रुपमा पालना गरी रकम दाखिला भई पेश हुन आएका फर्महरुसंगको संझौता अत्यका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने र संझौता बमोजिम कार्य नगरेका तथा रकम समेत अशुली नभएका फर्महरुलाई पुन १५ दिने ताकेता पत्र पठाउने सो अवधि सम्म पनि संझौता अनुसारको रकम दाखिला नगर्ने फर्महरुको लगानी सुरक्षण (धितो) वापत कवोल गरेको उल्लेखित कित्ता नं. को जग्गा रोक्का समेत राख्ने सम्बन्धी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. ५:

प्रस्ताव नं ५ माथि छलफल गर्दा गुरांस गाउँपालिकाकाको प्रशासकिय भवन निर्माणका लागि जग्गा प्राप्तीका लागि निशुल्क जग्गा प्राप्तीका लागि कार्यालयवाट प्रकाशित सूचना अनुसार कुनैपनि निवेदन नपरेकाले पुन कार्यालयले स शुल्क जग्गा उपलब्ध गराउने विषयमा कार्यालयवाट प्रकाशित सूचना अनुसार लालिगुरांस बहुमुखी सहकारी संस्था लि.ले जग्गा उपलब्ध गराउने सम्वन्धी प्रस्ताव पेश गरेकोमा उक्त जग्गा प्राप्तीको लागि आवश्यकिय प्रक्रिया अगाडी बढाउन गुरांस गाउँपालिकाको १५औ सभाले समेत कार्यपालिकालाई जग्गा व्यवस्थापनका लागि अधिकार प्रत्यायोजन समेत गरेकाले जग्गा प्राप्ती ऐन २०३४ बमोजिम खरीद प्रक्रिया अगाडी बढाउन संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्न संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय अनुरोध गर्ने निर्णय गरीयो ।

निर्णय नं. ६:

प्रस्ताव नं ६ माथि छलफल गर्दा गुरांस गाउँपालिकामा कर्मचारीहरुको सरुवा भई आउने जाने क्रममा तोकिय बमोजिम बरबुझारथ नभएकाले कार्य सम्पादनमा असहज भएको भन्ने विषयमा छलफल भएकाले सरुवा भई जाने कर्मचारीहरुले सरुवा भई आउने कर्मचारीहरुलाई नियमानुसार बरबुझारथ गर्ने व्यवस्थाका गर्न निर्देशन दिने र कार्यसम्पादका क्रममा कार्यसंग सम्वन्धीत फाईल हराई गाउँपालिकाको कार्य सम्पादनमा आच आएको भन्ने सम्वन्धी छलफलहुदा काम संग सम्वन्धीत फाईलहरु निर्माण गर्ने शाखा तथा सम्वन्धीत कर्मचारीलाई जिम्मेवार बनाउने र आगामी दिनमा यस्तो गल्ती दोहोरीएमा सम्वन्धीत कर्मचारी नियमानुसार कारवाही प्रक्रिया अगाडी बढाउने निर्णय गरीयो ।

निर्णय नं. ७:

प्रस्ताव नं ७ माथि छलफल गर्दा गुरांस गाउँपालिकाको विभिन्न वडावाट सिफारीस भई आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि प्रदेश र संघ स्थित मन्त्रालयहरु तथा कार्यालयहरुमा पठाईएका तपसिलका योजनाहरु अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिल

डिल बहादुर पाँडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

## कृषि विकास कार्यालय दैलेख

| क्र सं | योजनाको नाम | कार्यान्वयन स्थान | लागत अनुमान | कै |
|---|---|---|---|---|
| १ | ध्याप सिमलखेत सिचाई योजना | गुराँस ६ | ४० लाख मात्र | |
| २ | एक घर एक सिचाई पक्की पोखरी निर्माण | गुरास ६ | १ करोड | |
| ३ | कोल्डस्टोर निर्माण | गुरास ५ | २० लाख | |
| ४ | किसान कुना निर्माण | गुरास ८ | २४ लाख | |
| ५ | आलु करिडोर सडक निर्माण | गुराँस | १५ लाख | |
| ६ | उन्नत जातको बोका | गुरास ४ | १० लाख | |
| ७ | गुराँस ३ मा पक्की टनेल निर्माण | गुराँस ३ | १ करोड | |

## सामाजिक विकास कार्यालय दैलेख

| | योजनाको नाम | कार्यान्वयन स्थान | लागत अनुमान | कै |
|---|---|---|---|---|
| १ | भैरव मन्दीर साल्लाधारी निर्माण | गुराँस ४ | २० लाख | |
| २ | दुर्गा देवि प्रा वि ४ कोठे पक्की भवन | गुराँस ५ | ५० लाख | |
| ३ | सानाकाँडा सामुदायीक स्वास्थ्य केन्द्र पक्की भवन निर्माण | गुराँस ५ | ५० लाख | |
| ४ | स्वास्थ्य चौकी पिलाडी घेरावार | गुराँस ६ | ४० लाख | |
| ५ | जय जनता मा वि पक्की घेरावार | गुराँस ६ | ३१ लाख | |
| ६ | मालिका मा वि पक्की घेरावार | गुरास ८ | ७० लाख | |
| ७ | भैरव प्रा वि ४ कोठे पक्की भवन निमाण | गुराँस २ | ५५ लाख | |
| ८ | ज्येष्ठ नागरिक मिलन केन्द्र भवन निर्माण | गुराँस ६ | ३० लाख | |
| ९ | पंञ्चकोशी मालिका मन्दीर तथा गुरुयोजना | गुराँस ७ | ५० लाख | |
| १० | अस्थायी प्रहरी चौकी घोडावास व्यवस्थापन | गुराँस ४ | २० लाख | |
| ११ | वडा स्वास्थ्य विद्यालय क्षमता अभिवृद्धि पूर्वाधार व्यवस्थान | गुराँस ४ | २० लाख | |
| १२ | भगवती मा वि सेफ्टी शौचालय निर्माण | वडा नं १ | २५ लाख | |
| १३ | कालिका मा वि ४ कोठे भवन निर्माण | वडा नं १ | ६० लाख | |
| १४ | शारदा आ वि भवन निर्माण | गुराँस १ | ३० लाख | |
| १५ | गुराँस बहुमुखी क्याम्पस ६ कोठे भवन निर्माण | गुराँस ३ | १ करोड ५० लाख | |
| १६ | भैरव प्रा वि ४ कोठे पक्की भवन निर्माण | गुराँस २ | ५० लाख | |
| १७ | वर्थिङ सेन्टर निर्माण तथा प्रतिक्षालय | गुराँस २ | ३० लाख | |

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

भौतिक पूर्वाधार कार्यालय दैलेख

| क्र सं | योजनाको नाम | कार्यान्वयन स्थान | लागत अनुमान | कै |
|---|---|---|---|---|
| १ | रेग बगौरा सडक निर्माण | गुराँस ६ | ५५ लाख | |
| २ | ने रा मा वि बगौरा हल तथा भवनको तला थप | गुराँस ६ | ४५ लाख | |
| ३ | वडा कार्यालय तला थप तथा पक्की घेरावार | गुराँस ८ | ५० लाख | |
| ४ | वडा कार्यालय तला थप तथा पक्की घेरावार | गुराँस ६ | ५० लाख | |
| ५ | खड्क पुरैनी हुदै खक्सेनी गैरा सडक निर्माण | गुराँस २ | ६० लाख | |
| ६ | लामाकईगुला पहिरो नियन्त्रण योजना | गुराँस २ | ५० लाख | |
| ७ | सेरी पुनाकोट चिसापानी सडक निर्माण | गुराँस ३ | ५० लाख | |
| ८ | रतिखोला वडा नं ३ र ४ जोड्ने पक्की पुल | गुरास ३ र ४ | ५ करोड | |
| ९ | बहुउदेश्यिय कृषिफर्म घेरावार तथा व्यवस्थापन | गुराँस ३ | ४० लाख | |
| १० | त्रिदेवि बहुउदेश्यिय सहकारी सस्था लि तरकारी संकलन भवन निर्माण | गुराँस ३ | ३० लाख | |
| ११ | त्रिदेवि बाल विकास भवन निर्माण | गुराँस ३ | ३० लाख | |
| १२ | गुराँसे पातिकान्ला हुदै स्याउले सडक कालोपत्रे | गुराँस ३ | २० करोड | |
| १३ | गुरास बहुमुखी क्याम्पस भवन निर्माण तथा घेरावार | गुराँस ३ | १ करोड ८० लाख | |
| १४ | गुराँस गा पा कार्यालयको पक्की घेरावार | गा पा कार्यालय | ५५ लाख | |
| १५ | वाशतला डाडा खापा धारा हुदै जुगे खोला जोड्ने कृषि सडक निर्माण | गुराँस ४ | ३५ लाख | |
| १६ | वडा कार्यालय घेरावार तथा गेट निर्माण | गुराँस ४ | ५० लाख | |
| १७ | पातलखोला कर्णाली राजमार्ग देखि वेडुगाउ सडक ग्रावेल नालि निर्माण | गुराँस १ | २ करोड | |
| १८ | हडडुढा देखि सालपोखरा हुदै सिमेसाल सडक निर्माण | वडा नं १ | ५० लाख | |
| १९ | जलकुनी सामुदायिक भवन निर्माण | वडा नं ४ | ३० लाख | |
| २० | वडा कार्यालय भवन निर्माण | गुराँस ७ | १ करोड | |
| २१ | शान्ती मा वि हुदै मर्खे सडक स्तरोन्नती | गुराँस ७ | १ करोड | |
| २२ | खेलकुद मैदान निर्माण गुराँस ५ | गुराँस ५ | २० लाख | |
| २३ | राउटे गल्छिना विउराखेत सडक ग्राभेल | गुराँस ५ | २ करोड | |
| २४ | बुबैराखे सानाकाँडा हुदै विउराखेत सडक स्तरोन्नती | गुराँस ५ | ५० लाख | |
| २५ | गौरव मार्ग निर्माण तथा कुमखोला जाली व्यवस्थापन | गुराँस ४ | ५० लाख | |
| २६ | लक्ष्मी मा वि रतिखोला फिल्ड निर्माण | वडा नं ४ | ४० लाख | |
| २७ | ४ नं वडा कार्यालयको फिल्ड कभर्ड हल तथा रंगरोगन | वडा नं ४ | ४० लाख | |
| २८ | भ्युचुला पुलिया सडक स्तरोन्नति | वडा नं ६ | १ करोड | |

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बिसी
अध्यक्ष

खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय दैलेख

| क्र सं | योजनाको नाम | कार्यान्वयन स्थान | लागत अनुमान | कै |
|---|---|---|---|---|
| १ | तिजुगैरा मुहान देखि लामातडा खेत सिचाई | वडा नं ५ | २० लाख | |
| २ | पिलाडी खा पा तथा सरसफाई योजना(बहुउपयोगी) | गुराँस ६ | ८० लाख | |
| ३ | पिरेखोला माझगाउ सिचाई योजना | गुराँस ६ | ६० लाखा | |
| ४ | पातलखोला सुतिखेत सिचाई | गुराँस ३ | ३० लाख | |
| ५ | तिनखोली पातिकान्ला डुडापोखरा लिफ्टिङ खा पा | गुराँस ३ | ५ करोड | |
| ६ | गुराँस ७ का घरमा सिचाई पोखी | गुरास ७ | ५० लाख | |
| ७ | वडा नं ७ का सबै घरमा खानेपानी | गुराँस ७ | १ करोड | |
| ८ | पराजुली खोला मुहान निर्माण | गुराँस ४ | २५ लाख | |
| ९ | लम्रु सिचाई कुलो निर्माण | गुराँस १ | ४० लाख | |
| १० | घुयालचौर बुबैराखे लिफ्टीङ खा पा | गुराँस ५ | ५० लाख | |
| ११ | अम्फिगैरा सियालभैरि लिफ्टीङ खा पा | गुराँस ५ | ५० लख | |
| १२ | सेरा सिचाई नहर | गुराँस ५ | ५० लाख | |
| १३ | परिगाँउ लिफ्टिङ खा पा योजना | गुराँस २ | ५५ लाख | |
| | कालेखोला सान्टाकुरा स्याउले बजार खा पा योजना | गुराँस २ | २५ लाख | |
| १४ | लुवाखोला ठाडुवा हुँदै खुमतडा सिचाई योजना | गुराँस ४ | २५ लाख | |
| १५ | गौरिघोट भेरिपानी सिचाई योजना | गुँरास १ | ३५ लाख | |
| १६ | लोहेरो लिफ्टिङ सिचाई योजना | गुराँस ३ | ५ करोड | |
| १७ | सिचाई कुलो दुर्ग पक्की कुलो निर्माण | गुराँस ३ | ५० लाख | |
| १८ | लुवाखोला मैकाने सिचाई योजना | गुराँस ४ | ३० लाख | |
| १९ | सिमसैनी सिचाई कुलो | गुराँस १ | २५ लाख | |
| २० | खडकाबाडा ताउलेधारा सिचाई टयांकी निर्माण | गुराँस १ | २५ लाख | |
| २१ | साना पेटारी सिचाई योजना | गुरिँ ३ | २४ लाख | |
| २२ | डल्लेचौर सिचाई योजना | गुराँस ४ | २५ लाख | |
| २३ | तल्तो राधे खा पा योजना | गुराँस ३ | २५ लाख | |
| २४ | साल्तडा सिचाई कुलो निर्माण | गुराँस ४ | १५ लाख | |

टोप बहादुर बि.सी.
अध्यक्ष

## डिविजन वन कार्यालय दैलेख

| क्र सं | योजनाको नाम | कार्यान्वयन स्थान | लागत अनुमान | कै |
|---|---|---|---|---|
| १ | वडा स्तरका पर्यटकीय स्थल संरक्षण तथा पर्वर्द्धन | गुराँस ६ | ३० लाख | |
| २ | गणेश मन्दीर निर्माण तथा व्यवस्थापन | गुराँस ६ | २० लाख | |
| ३ | थामेलेख पर्यटकीय क्षेत्र निर्माण | गुराँस ३ | १ करोड | |
| ४ | पर्या पर्यकट विश्राम स्थल निर्माण | गुराँस ८ | १५ लाख | |
| ५ | ओली बस्ती पहिरो नियन्त्रण | गुराँस २ | ५० लाख | |
| ६ | पुनाकोट माईको मन्दीर र विश्राम केन्द्र निर्माण | गुराँस ३ | ५० लाख | |
| ७ | प्यारापिट सहितको खेलमैदान निर्माण | गुराँस २ | १ करोड | |
| ८ | तल्लो डुङ्गेश्वर र्याप्टिङ योजना | गुराँस २ | ५० लाख | |
| ९ | यात्री विश्राम घर सहित डुङ्गेल मन्दीर निर्माण | गुराँस २ | ५० लाख | |

## उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय

| क्र सं | योजनाको नाम | कार्यान्वयन स्थान | लागत अनुमान | कै |
|---|---|---|---|---|
| १ | एक वडा एक उद्योग कार्यक्रम | सबै वडामा | ८० लाख | |
| २ | गुराँस कोसेलि घर निर्माण | गाउँपालिका | २० लाख | |
| ३ | गरिवी निर्माणको लागी साना उद्योग संचालन | गुरास ४ | २० लाख | |
| ४ | प्राङ्गारिक मल उद्योग स्थापना | गुराँस ६ | ५० लाख | |
| ५ | एक घर एक रोजगारी उद्योग | गुराँस ७ | ३ करोड | |

निर्णय नं.८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा गुराँस गाउपालिका र **LISP** विच साझेदारीमा संचालन गरीने योजनाका सम्बन्धमा ४५औ कार्यपालिका वैठकवाट योजना संशोधन भई नया योजना कायम गरीएकाले उल्लेखित संशोधित योजनाहरुमा तपसिलको बजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरीयो ।

टोप बहादुर वि.सी.
अध्यक्ष

दिल बहादुर पाँडेल
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क.स | योजनाको नाम | वडा नं. | प्रस्तावित रकम रु लाखमा | गाउ पालिकाको सह लगानी रु | LISP को सहलगनी रु लाखमा |
|---|---|---|---|---|---|
| सािवकको योजना | | | | | |
| १ | गौरवमार्ग अन्तरगत नाला निर्माण | ८ | २६.०० | ११.०० | १५.०० |
| २ | तल्लो डुड्गेश्वर खानेपानी योजना | २ | ३०.०० | १५.०० | १५.०० |
| ३ | कालिका मा.वि भवन निर्माण | ८ | २१.०० | ९.०० | १२.०० |
| संशोधित योजना | | | | | |
| १ | गौरव मार्ग सडक स्तरउन्नती नाला निर्माण सहित । | ८ | ३०.०० | १२.०० | १८.०० |
| २ | तल्लो डुड्गेश्वर खानेपानी योजना | २ | ४७.०० | २३.०० | २४.०० |
| ३ | कालिका मा.वि भवन निर्माण | संशोधन गरी योजना हटाईएको । | | | |

निर्णय नं.९: विविध

**प्रस्ताव नं ९ को विविध क प्रस्ताव माथि छलफल गर्दा** आर्थिक सहायता कार्यविधि अनुसारका रितपूर्वक प्राप्त हुन आएका आर्थिक सहायता सम्बन्धीका फाईलहरु सम्बन्धीत समितिको निर्णय अनुसारको सिफारीसमा रकम भुक्तानीको व्यवस्था गर्न निर्देशन दिने निर्णय गरीयो ।

**प्रस्ताव नं ९ को विविध ख प्रस्ताव माथि छलफल गर्दा** स गुराँस गाउँपालिका भित्र रहेका मातहतका कार्यालयहरुमा गाउँपालिकाको विभिन्न शाखा तथा वडा कार्यालय मार्फत कामकाजमा लगाईएका कर्मचारीहरुको भुक्तानी दिन बाँकी रकम नियमानुसार पेश हुन आएका फाईलहरुको हकमा व्यवस्थापन गरीएको बजेटको परीधिभित्र रहि भुक्तानीको व्यवस्थापन गर्ने निर्देशन दिने निर्णय गरीयो ।

दीप बहादुर बि.सी.
अध्यक्ष

<u>निर्णय नं. ८)</u>

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०८१ साउन देखि हालसम्म गाउँ कार्यपालिकाको कामलाई छिटो, छरितो, जनमुखी एवं नतिजामुखी बनाउन गाउँपालिका अध्यक्षज्यूको निर्देशनमा भए गरेका सबै कामहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ९)</u>

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गुराँस गाउपालिकाको प्रशासकिय भनव निर्माणका लागि उपयुक्त मापदण्ड अनुसारको आवश्यकिय जग्गा प्राप्तिका लागि निशुल्क जग्गा उपलब्ध गराउने ३० दिने सूचना प्रकाशित गरीएकोमा कुनैपनि निशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धी निवेदन प्राप्त नभएकाले कार्यालयले पुन मापदण्ड अनुसारको स शुल्क जग्गा प्राप्तिका लागि प्रकाशित सूचना बमोजिम लालिगुराँस बहुमुखी सहकारी संस्थाले निवेदन पेश गरेकाले उक्त निवेदनमा बिक्रीका लागि कबोल गरेको कित्ता नं ३८८ र ३८९ क्षेत्रफल क्रमस ०३०० र ०१.३१० को जग्गा खरीदका सम्बन्धमा सम्बन्धीत सहकारी संग समन्वय गरी खरीद प्रक्रिया अगाडी बढाउन कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरीयो ।

अन्तमा गाउँ सभाको १५ औं अधिवेशनको पहिलो बैठक, माथि उल्लेखित एजेन्डाहरु उपर गहन छलफल गरी सर्वसम्मत रुपमा निर्णय पारित गर्दै सम्पन्न भएको र बैठकमा उपस्थित गाउँ सभा सदस्य ज्यूहरु र आमन्त्रित अन्य महानुभाव, सहयोगी कर्मचारीहरुलाई धन्यवाद सहित आवास, खाजा तथा यातायातको व्यवस्थापनको सचिवालयलाई जिम्मेवारी दिदै सभा अध्यक्ष ज्यूबाट गाउँ सभाको १५ औं अधिवेशन समापन भएको जानकारी गराउनु भयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं ९ को विविध छ प्रस्ताव माथि छलफल गर्दा** गुराँस गाउँपालिका वडा नं. १ स्थित भगवती मा.वि. सेप्टीमा चालु आ.व.२०८१।०८२ को प्रदेश समाजिक विकास मन्त्रालय अर्न्तगतको भवन निर्माण योजना हाल संम्म पनि निर्माण कार्यको प्रक्रिया अगाडी नबढाएकाले तत्काल कार्य संचालन गर्नका लागि सामाजिक विकास कार्यालय दैलेख र सामाजिक विकाम मन्त्रालय सुर्खेतमा लेखि पठाउने निर्णय गरीयो ।

**प्रस्ताव नं ९ को विविध ज प्रस्ताव माथि छलफल गर्दा** गुराँस गाउँपालिकामा गुराँस गाउँपालिका र सोसेक नेपाल /सेभ द चिल्ड्रेनको साझेदारीमा संचालिन सहयात्रा परीयोजना तेस्रो अन्तरगत बाल अधिकार र बाल संरक्षणका तथा लैङ्गीक तथा यौनिक अल्पसख्यकको अधिकारका क्षेत्रमा गरीदै आएको सहकार्यत्यम सम्झौतालाई मिति २०८२ साल मंसीर १४ गते तथा सन २०२५ नोभेम्वर सम्मका लागि नियमितता गर्ने निर्णय गरीयो ।

**प्रस्ताव नं ९ को विविध झ प्रस्ताव माथि छलफल गर्दा** गुराँस गाउँपालिका वडा नं. ५ मा चालु आर्थिक वर्ष २०८१।०८२ मा सञ्चालन हुनेगरी छनौट गरी पठाईएको वडा कार्यालयको तला थप र शौचालय निर्माण योजना कार्यान्वयन गर्दा बजेट अपुग भई कार्य सम्पन्न नहुने देखिएकाले उक्त योजनालाईसोहि वडामा संचालन गर्ने गरी तपसिल बमोजिमको योजना संशोधन गर्न मुख्य मन्त्री तथा मन्त्रीपरीषदको कार्यालय कार्णाली प्रदेश सुर्खेतमा अनुरोध गरी पठाउने निर्णय गरीयो ।

तपसिल

| क्र.स | साविकको योजनाको नाम | रकम | संशोधन हुनुपर्ने योजना को नाम<br>प्रस्तावित रकम रु लाखमा | रकम |
|---|---|---|---|---|
| १ | वडा कार्यालयको तला थप र शौचालय निर्माण (वडा नं. ५) | १५ लाख | लहरा शान्ती बजार नाला जाली निर्माण<br>(वडा नं ५) | १५ लाख |

टोप बहादुर बि.सी.
अध्यक्ष

**प्रस्ताव नं ९ को विविध ग प्रस्ताव माथि छलफल गर्दा** प्रस्ताव चालु आर्थिक वर्ष २०८१।०८२ को SEE परीक्षालाई मर्यादित र व्यवस्थित किसीमवाट संचालन गर्नका लागि सम्बन्धीत परीक्षा व्यवस्थापन समिति संग समन्वय गरी सम्बन्धीत वडाका वडा अध्यक्ष र अन्य वडाका अध्यक्ष तथा शिक्षा समितिका सदस्यहरु सहित परीक्षा संचालन र व्यवस्थापन तथा अनुगमन गर्ने सम्बन्धी आवश्यक जिम्मा गाउँ शिक्षा समिति अध्यक्ष तथा परीक्षा व्यवस्था समितिका प्रमुख लाई जिम्मा दिने निर्णय गरीयो ।

**प्रस्ताव नं ९ को विविध घ प्रस्ताव माथि छलफल गर्दा** गुराँस गाउँपालिकाको सबै क्षेत्रमा नेपाल टेलिकमको नेटवर्कले पूर्ण रुपमा काम नगरी सेवा प्रवाह तथा प्रविधि अवलम्बनमा भएको समस्या सामाधानका लागि गुराँस गाउँपालिकाको विशेष पहलमा नेपाल टेलिकम संग समन्वय गरी उक्त नेटवर्कको सेवा विस्तारका लागि गरीएको प्रविधिक व्यवस्थापनका कार्य पश्चात पूर्ण रुपमा सेवा सुचारु भएकाले उक्त कार्यलाई थप प्रभावकारी वनाउन नेपाल टेलिकमको निशुल्क सिम वितरणका लागि आवेदन फाराम भर्न ईच्छुक वडा वासी नागरीकहरुलाई वडा स्तरमा आवेदन फाराम भराई निशुल्क सिम कार्ड उपलब्ध गराउने सम्बन्धी व्यवस्थापकिय कार्य गर्न सम्बन्धीत वडालाई जिम्मा दिने निर्णय गरीयो ।

**प्रस्ताव नं ९ को विविध ङ प्रस्ताव माथि छलफल गर्दा** गुराँस गाउँपालिका वडा नं. ८ ले सफा स्वच्छ वडा घोषणाका लागि तोकिएका मापदण्ड पुरा गरी सफा स्वच्छ वडा घोषणाको अन्तिम चरणमा रहेकाले सो संग सम्बन्धीत साझेदार संस्थाहरु हेल्भेटास नेपाल र सोसेक नेपाल संग समन्वय गरी स्वच्छ सफा वडा घोषणा सम्बन्धी आवश्यकिय कार्य अगाडि वढाउन सम्बन्धीत वडालाई अधिकार प्रयोजन गर्ने निर्णय पारीत गरीयो ।

**प्रस्ताव नं ९ को विविध च प्रस्ताव माथि छलफल गर्दा** गुराँस गाउँपालिकाको कानुनी परामर्श तथा सल्लाह प्रदान गर्न गुराँस गाँउपालिकाको तर्फवाट अबैतनिक कानुनि सल्लाहकारको रुपमा तपसिलका कानुन व्यावसायिलाई नियुक्त गर्ने निर्णय गरीयो ।

**तपसिल**

१) धर्मराज रेग्मी

२) गणेश वली

टोप बहादुर बि.सी.
अध्यक्ष